रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३ रामग्राम, चैत्र १७ गते, २०७७ साल संख्या १२

भाग - २

## "गर्भवती महिलाहरुलाई उपमेयर पोषण झोला वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका , २०७७"

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।११।०७

**प्रस्तावना :-**

गर्भवती महिलाहरुमा कुपोषणको समस्यालाई सम्बोधन गर्न विगत लामो समयदेखि प्रयास हुँदै आएको र आपतकालीन अवस्थामा गर्भवती महिलामा कुपोषणको अवस्था हुन सक्ने तथ्यहरुले देखाएको छ । कुपोषणको समस्या समाधान गर्न नेपाल सरकारले बहुक्षेत्रीय पोषण कार्यक्रम समेत सञ्चालनमा ल्याएको छ । विश्वव्यापी रुपमा देखा परेको कोभिड १९ को महामारीका कारण नगरवासीहरुको जनजीवनमा प्रत्यक्ष असर पुगेको छ । कोभिड १९ का कारण उत्पन्न अवस्था र अन्य आपतकालीन अवस्था जस्तैः वाढी पहिरो, भूकम्प, हावाहुरी, आगलागी जस्ता प्राकृतिक तथा मानव सिर्जीत प्रकोपको सामना गरिरहेका गर्भवती महिलामा हुन सक्ने कुपोषणको अवस्थालाई मध्यनजर गर्दै आपतकालीन वा संकटकालीन अवस्थामा स्थानीय तहबाट राहत स्वरुप पोषण झोला वितरण गर्न यो निर्देशिका तयार गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम "गर्भवती महिलाहरुलाई उपमेयर पोषण झोला वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७" रहेको छ ।

ख) यो निर्देशिका रामग्राम नगरपालिका, नगरकार्यपालिकाबाट स्विकृत भई स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा कार्यक्रम कार्यान्वयन लागि यस निर्देशिकामा,

क) "कुपोषण" भन्नाले रामग्राम नगरपालिका भित्र बसोबास गर्ने गर्भवती महिलाको शारिरीक आवश्यकता अनुसार पौष्टिक तत्वयुक्त वृहत पोषक तत्व र सुक्ष्म पोषक पौष्टिक खानाको अभाव अवस्थालाई सम्झनु पर्दछ ।

ख) "पोषण" भन्नाले महिलाको शारिरीक अवस्था अनुसार पर्याप्त पोषणतत्व युक्त खानाको पर्याप्ततालाई सम्झनु पर्छ ।

ग) "पोषण झोला" भन्नाले दफा ६ मा उल्लेखित सामाग्री समेत भएको कपडाको झोला सहितको प्याकेजलाई सम्झनु पर्छ ।

घ) "परिवार" भन्नाले एक आमा र निजबाट जन्मेका बालबालिकाहरुलाई समेत सम्झनु पर्छ ।

ङ) "लाभग्राही" भन्नाले यस मापदण्डको दफा ४ मा उल्लेख भएका सुत्केरी महिलालाई सम्झनुपर्छ।

**३) निर्देशिकाको उद्देश्य :**

रामग्राम नगरपालीका अन्तर्गत स्थायी वा अस्थायी रुपमा वसोवास गरेका गर्भवती महिलाहरुलाई तत्कालिन रुपमा न्यूनतम पोषणयुक्त सामाग्री उपलब्ध गराउने ।

**४) लाभग्राहीहरू :**

यस निर्देशिका अनुसार यस नगरपालिका अन्तर्गत रामग्राम १ देखि १८ नं वडा भित्रका गर्भवती महिलाहरुले पोषण झोला प्राप्त गर्नेछन् । लाभग्राहीहरुको पहिचान गर्न स्वास्थ्य संस्था वा अस्पतालहरुबाट नियमित गर्भवती जाचँ गरेको **ANC** कार्डलाई आधार मानिनेछ । छनौटमा दुविधा भएमा तथा एकिन गर्न गाऱ्हो भएमा सम्बन्धित वडाको महिला सदस्य वा महिला स्वास्थ्य स्वयंसेविकाको लिखित वा मौखिक सिफारिसलाई छनौटको अन्तिम आधार मानी लाभग्राही हो वा होइन भनि एकिन गरिने छ ।

## परिच्छेद-२
## सेवा प्रवाह, लगत र खरिद

**५) सेवा प्रवाह, लगत र खरिद :**

क) गर्भवती महिलाहरुलाई लक्षित गरि वितरण गरिने पोषण झोला स्थानीय तह, सो अन्तर्गतका वडा कार्यालय वा स्वास्थ्य संस्थाबाट वितरण हुनेछ ।

ख) प्रत्येक स्वास्थ्य संस्थाहरुले आफनो वडामा रहेका दफा ४ अनुसारको लाभग्राहीहरुको लगत तयार गर्नुपर्नेछ।

ग) दफा ५ (ख) अनुसारका तोकिएका लाभग्राहीहरुलाई पायक पर्ने स्थानमा पोषण झोला वितरण गर्नुपर्नेछ ।

**६) पोषण झोलाको सामाग्री तथा लागत :**

गर्भवती महिलाका लागि १ महिना अवधिको लागि निम्नानुसार सामाग्री भएको पोषण झोला वितरण गरिनेछ ।

| सि.नं. | विवरण | ईकाइ | परिमाण | दर | कैफियत |
|---|---|---|---|---|---|
| १ | आँटा | के.जी | ५ | बजार दररेट बमोजिम | |
| २ | दाल/चना/भटमास/केराउ | के.जी | २ | | ४ प्रकारकै |
| ३ | तेल (सनफलावर) | लि. | १ | | |
| ४ | नुन (आयोडीनयुक्त) | पा. | १ | | |
| ५ | ध्यू | मि.लि | ५०० | | |
| ६ | साबुन (हात धुने) | गोटा | २ | | |
| ७ | कपडाको झोला (छपाई समेत) | थान | १ | | |
| ८ | जानकारीमुलक लिफलेट | थान | १ | | |

## परिच्छेद-३

**अभिलेख र प्रतिवेदन**

**७) अभिलेख र प्रतिवेदन :**

स्थानीय तहले पोषण झोला वितरणको अभिलेख र प्रतिवेदन पाक्षिक रुपमा गर्नुपर्नेछ ।

**८) सार्वजनिक गर्नुपर्ने :**

स्थानीय तहले वितरण गरेको पोषण झोला प्राप्त गर्नेको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

**९) प्रचलित कानुन बमोजिम हुने**

यस निर्देशिकामा उल्लेख भएको विषयको हकमा यसै बमोजिम हुने र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०) कारबाही सम्बन्धी व्यवस्था :**

१) यस कार्यविधिमा तोकिएको मापदण्ड पूरा नभएका महिलाहरुले झुट्टा विवरण पेश गरी राहत लिनु वा दोहोरो राहत लिनु हुँदैन ।

२) यस कार्यविधीको प्रतिकूल हुने गरी राहत वितरणको लागि सिफारिस गर्ने पदाधिकारीलाई समेत प्रचलित कानन बमोजिम कारबाही गरी त्यस्तो सिफारिस गर्ने पदाधिकारीबाट निजले सिफारिस गरेको हदसम्मको रकम सम्बन्धित स्थानीय तहले असुल गर्नुपर्नेछ ।

**प्रमाणीकरण मिति : २०७७/१२/१७**

**आज्ञाले**
**राजेश पन्थी**
**प्रमुख प्रशासकीय अधिकृत**